श्री देउताखोला सामुदायिक वन उपभोक्ता समूह
हरिहरपुरगढी गा. पा. वडा नं. ७, सिन्धुली

अध्यक्ष

## गोलिया काठ दाउरा लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

**श्री हिमालय टाईम्स पत्रिकामा प्रथम पटक प्रकाशित मिति : २०८२/१०/१४**

यस सा.व.उ.स.को स्वीकृत विधान तथा वन कार्ययोजना अनुसार समूहको निर्णय अनुसार श्री डिभिजन वन कार्यालय मरिण, सिन्धुलीको च.न. १०४८, मिति २०८२/१०/१३ गतेको लिलाम सहमती पत्र अनुसार तपशिल वमोजिमका लट नं., जात, थान, परिमाणका काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा समूह वाहिर लिलाम बिक्री गर्न लगत समर्थन भई आएको हुदाँ देहाय बमोजिमको वन पैदावार तपसिलमा उल्लेखित मूल्यमा नघटाई निम्न लिखित शर्त एवं योग्यता भएका वोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस समूहले जारी गरेको वोलपत्र खरिद गरी २२ औं दिनमा दिनको १२:०० बजे भित्र फारम भरी लट वाईज शिलवन्दी खाममा राखि बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि विस्तृत जानकारी लिनु परेमा समूहको कार्यालयमा सर्म्पक राख्न जानकारी गराईन्छ।

### तपसिल

**१.लिलाम हुने वन पैदावारको विवरण**

| लट नं. | जात | ए ग्रेड | | बि ग्रेड | | सि ग्रेड | | जम्मा | | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | | |
| १ | साल | २० | ३०९.८३ | ४२ | ६३५.९६ | ५६ | ५६५.१५ | ११८ | १५१०.९४ | १३,१६,७६१/५० | *आ.व. २०८०/०८१ को आपूर्ति* |
| | साल दाउरा २०'x ५'x ५'x (चट्टा) | | | | | | | | १.५० | | |
| जम्मा | | | | | | गोलिया | | ११८ | १५१०.९४ | | |
| | | | | | | दाउरा | | १.५० चट्टा | | | |

२. लिलाममा भाग लिने क्रममा वोलपत्र फारम खरिद गर्दा तथा शिलवन्दी वोलपत्र बुझाउँदा वन नियमावली २०७९ को नियम २५(३) अनुसार र नियम १२८ वमोजिम सूचीकृत भएका काठ दाउरामा आधारित उद्योगले मात्र खरिद गर्न सक्नेछन्। उक्त उद्योगले आयकर दर्ताप्रमाण पत्र/स्थायी लेखा नम्बर PAN भएको प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, फर्म नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपी तथा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहितको कागजात वोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

३. सूचना प्रकाशित भएको मिति देखि २१ औं दिन (२०८२/११/०५) गते कार्यालय समय भित्र लट नं. १ को रु. २०००/- दस्तुर बुझाई वोलपत्र सा.व.उ.स.र डि.व.का.मरिण बाट खरिद गरि सिलवन्दी वोलपत्र २२ औं दिन (२०८२/११/०६) गते दिनको १२:०० वजेसम्म सोही निकायमा दाखिला गर्न सकिनेछ।

४. वोलपत्र साथ सकार रकमको १०% धरौटी वापतको रकम श्री राष्ट्रिय वाणिज्य वैंक सिन्धुली शाखाको चल्ती खाता नं. १०६०१०००१८४९५००१ मा जम्मा गरेको सक्कल भौचर वा कंम्तीमा ६ (छ) महिना अवधि भएको सक्कल वैंक ग्यारेन्टी पेश हुनु पर्नेछ।

५. डिभिजन वन कार्यालय, मरिण, सिन्धुलीबाट विक्री तथा दाखिला भएका वोलपत्र समूहको कार्यालयमा प्राप्त भए पश्चात स्थानीय निकायका प्रतिनिधी, सव-डि.व.का. प्रतिनिधि, काष्ठ व्यवसायी प्रतिनिधी, समूहको पदाधिकारीहरु समेतको रोहवरमा वोलपत्र दाखिला गर्ने अन्तिम मितिको ५ दिन भित्र समूहको कार्यालयमा वोलपत्र खोलिने छ।

६.वोलपत्र खरिद, दाखिला तथा खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयमा खरिद, दाखिला तथा खोलिने छ र वोलपत्र सम्बन्धि विवाद भएमा सोको अन्तिम टुङ्गो कार्य समितिले लगाउने छ।

७. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ४५ दिन भित्र सकार गरेको मूल्य, राजश्व, मु.अ.कर तथा संकलन खर्च बुझाउनु पर्नेछ। अन्यथा नियमानुसार भै जानेछ।

८. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

९. वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स.मा निहित रहनेछ।

१०.उपरोक्त वन पैदावार विक्री एवं निकासी सम्वन्धि अन्य कुराहरु प्रचलित ऐन नियम निर्देशिका वमोजिम हुनेछ।

११. उल्लेखित काठ दाउराको संकलन, घाटगद्दि तथा ढुवानी खर्च वापतको रकम प्रचलित जिल्ला दररेट अनुसार छुट्टै जम्मा गर्नु पर्नेछ।

१२. विस्तृत जानकारीका लागि समूहको कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्नु होला।